# शितलहर आकस्मिक योजना, २०७५
# बर्दिया

**जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया**

**२०७५**

(मिति २०७५।०९।०८ DDMC को बैठकवाट अनुमोदित )

# शितलहर आकस्मिक योजना, २०७५

## १ पृष्ठभुमी

नेपाल निरन्तर दोहोरिरहने बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुक हो । नेपालमा प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुले गर्दा जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । मुलुक विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, अनावृष्टि, हुरी बतास, शीतलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ । त्यसै गरी नेपाल सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु जस्ता विश्वव्यापीकरण हुनसक्ने महामारी, सर्पदंश, जनावर आतंक, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट प्रभावित छ ।

नेपालको तराई भु.भागमा जाडोको अत्याधिक नकारात्ममक असर पर्दछ । जाडो तथा शितलहरले प्रत्येक वर्ष हजारौ मानिसहरुलाई प्रभावित गर्दछ । धुलोको कणहरु सहित जाडोको तरंगले हावालाई चिसो पर्दछ । हाम्रो पछिल्लो अनुभवका अनुसार विशेष गरि जाडो पुष महिना देखि मध्य माघ महिना सम्म हुनेगरेको पाइन्छ । जमिन सतहवाट २०० देखि ४०० मिटरसम्म ढुसी तथा तुवालोले ढाक्दछ सो कारण विहानमा कम दृष्यता रहन्छ र तापक्रम न्यून हुदैं जान्छ । तापक्रम १० देखि १५ डिग्री सेल्सियससम्म कम हुदै जादा धेरै जस्तो मानिसहरु हाइपोथर्मीयाका कारण मृत्यु वरण गर्न पुग्दछन । (Source: Meteorological Forecasting Division)

जाडोयामको समयमा खास गरी तराईका जिल्लाहरुमा चिसो तथा शितलहरबाट मानिसहरुको असावधानीका कारणवाट हरेक वर्ष स्वास प्रस्वास, रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य सम्बन्धि समस्याबाट धेरै मानिसहरु विरामी पर्ने र केही व्यक्तिको मृत्यु समेत हुने गरेको छ । पशुपन्छी, अन्नबाली समेत प्रतिकुल प्रभाव परी धेरै मात्रामा नोक्सान हुने गरेको छ । यस वर्ष पनि जाडोयामको समय  भइसकेको छ । बर्दिया जिल्लामा विगत वर्षमा जस्तै मौसमको प्रतिकुलता र बातावरणमा आउने परिवर्तनबाट शितलहर सुरु भैसकेको अवस्था छ ।यस वाट विशेष गरी बाल बालीका, जेष्ठनागरीक, सुत्केरी, गर्भवती, २०७१/२०७४ सालको बाढी वाट प्रभावित भइ हालसम्म पनि पूर्नस्थापना हुन नसेका परिवारहरुलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने हुँदा उक्त जोखिमलाई न्यूनिकरण गार्न, आवश्य श्रोत साधनको पूर्व प्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, शीतलहर प्रभावित परिवारलाई पुऱ्याउने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागिका लागि यो आकस्मिक कार्ययोजना जिल्ला विपद् व्यवस्थापन समितिले निर्माण गरेको छ ।

सरोकारवाला निकाय, स्थानीय तह,जिल्ला जनस्वास्थ्य कार्यालय, डिभिजन वन कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा मानवीय सहयोगी संघ सस्थाहरु तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरुलाई समेतको सहभागितामा सहयोगको व्यवस्था मिलाउने ।

## १.२साधारण उद्देश्यः


- शीतलहरबाट हुन सक्ने क्षतिलाई न्यूनिकारण गरि सिमीत श्रोत र साधनको अधिकतम उपयोग गरी जिल्ला  विपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य शीघ्र, उपयुक्त र प्रभावकारी बनाउनु ।
- विपद्को समयमा प्रभावकारी ढङ्गले  प्रतिकार्यमा सहभागी हुनका लागि पद्धती, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने,
- श्रोत तथा क्षमतामा कमी तथा संरचनाहरुमा क्षति हुँदा पनि प्रभावकारी प्रतिकार्यमा जिल्ला विपद व्यवस्थापन समिति ,स्थानिय तह गाँउपालिका सवै मिलि विपद् प्रतिकार्यमा सम्लग्न हुने

- आपत्कालीन प्रतिकार्यका लागि प्रभावकारी प्रवेश, परिचालन, जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानिय तहमा गठित स्थानिय विपद व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरुको प्रयोग सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गरिने ।

## २ प्रस्तावना :

यस दस्ताबेजले जिल्ला विपद् व्यवस्थापन समिति,स्थानिय तहले ठूलो विपद्को समयमा पुरा गर्नुपर्ने कार्यहरुको व्यावहारिक चित्र प्रदान गर्ने प्रयास गरेको छ । यो एउटा साधारण योजना हो, जुन शीतलहरको समयमा प्रयोग गर्न सकिन्छ । तथापी निश्चित अवस्थालाई मध्यनजर गरी तयार गरिएको छ । यस योजनामा प्रतिकार्य योजना पूरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा ब्याख्या गरिएको छ ।

## २.१ वर्दिया जिल्लाको नक्सा



## ३ जिल्लामा शीतलहरका घटनाहरु

तराईका जिल्लाहरूमा हिउँदको महिना मंसिर देखि माघ/फाल्गुनसम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ । चिसोबाट केटाकेटी र बृद्धबृद्धा, गरीब परिवार शीतलहरको उच्च जोखिममा रहेका छन। बर्दिया जिल्लामा विगत लामो समय देखि जाडो याममा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानिय सरकार, नेपाल रेडक्रस सोसाइटी तथा अन्य गैरसरकारी सस्थाहरुले जाडो यामामा वढि प्रभावित तथा चोक चोकमा आगोवाल्नका लागि दाउरा सहयोग गदै आएको छ । जिल्लामा २०७० साल देखि जोखिममा रहेका व्यक्तिहरुलाई न्यानो कपडा तथा कम्मल दिने गरेको पाइन्छ । यस वर्ष पनि ६३४० घर परिवार यस जाडोबाट प्रभावित हुनसक्ने आकलन गरिएको छ ।

## ४. कार्य सञ्चालनको सन्दर्भः

### ४.१ सितलहर वाट प्रभावित हुन सक्ने क्षेत्रहरु

बर्दिया जिल्लाको सितलहर बाट प्रभावित हुन सक्ने क्षेत्रहरु : गुलरिया नगरपालिका, बारबर्दिया नगरपालिका बासँगडी नगरपालिका, राजापुर नगरपालिका, बढैयाताल गाउँपालिका, मधुवन नगरपालिका, ठाकुरबाबा नगरपालिका तथा गेरुवा गाउँपालिका क्रमस बढी प्रभावित देखि न्यून प्रभावित क्षेत्र अनुसार राखिएको छ । प्रस्तुत तथ्याङ्क विषेश गरी बालबालिका, जेष्ठनागरीक, सुत्केरी, गर्भवती , तथा २०७१ तथा २०७४ सालको वाढीवाट पुर्णप्रभावित परिवार भई घरवारविहीनको तथ्याङ्कको आधारमा रहेको छ ।

| सिनं | प्रभावित हुन सक्ने | | | सम्भावित प्रभाव स्तर |
|---|---|---|---|---|
| | स्थान | परिवार संख्खा | सदस्य संख्या | |
| १ | गुलरिया नपा | ९६७ | ५३२१ | १ |
| २ | राजापुर नपा | ८३० | ४५६३ | ४ |
| ३ | मधुवन नपा | ७४४ | ४०९० | ६ |
| ४ | ठाकुरवावा नपा | ६६६ | ३६६३ | ७ |
| ५ | बारबर्दिया नपा | ९५३ | ५२४४ | २ |
| ६ | बासगँडी नपा | ८६३ | ४७४८ | ३ |
| ७ | वढैयाताल गापा | ८१४ | ४४७९ | ५ |
| ८ | गेरुवा गापा | ५०३ | २७६९ | ८ |
| जम्मा | | ६३४० | ३४८७७ | |

## ४ पहुचँ

बर्दिया जिल्लामा बिगतका दिनका अनुभवहरुलाई केलाउदा सितलहरको समयमा एक ठाउँ देखि अर्को स्थान सम्म जादा निकै कठिन हुने गरेको पाइएको छ ।

- सितलहरको समयमा जिल्लाका सवै जसो स्थानहरुमा बाक्लो हुस्सु तथा सितलहरका कारण भिजिविलिटि कमि भई सडक दुर्घटना हुदाँ यातायातको साधान प्रयोग गर्दा त्रासको महसुस गर्ने ।
- अत्याधिक चिसोको कारण घर देखि वाहिर निस्कन नसक्ने ।

## ५.बिपद् परिदृश्य तथा योजना अवधारणाहरुः

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपद्बाट प्रभावित जिल्लाको सूचीमा बर्दिया पनि रहेको छ । जिल्लामा हरेक वर्ष बाढी, आगलागी, शिललहर, हावाहुरी,जनावरको आक्रमण र सडक दुर्घटनाजन्य विपद्का कारण जनधनको क्षति हुने गरेको छ । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७५ मा प्रयोग स्तरीकरण गर्दा ७ स्थानमा रहेको सितलहर तथा नियमित भइरहने विपद्को समयमा मानवीय सहायतालाई प्रभावकारी रुपमा

अघि बढाउन आवश्यक छ । त्यसैले जिल्लामा विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजनामध्ये आपत्कालीन समयमा मानवजीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका लागि जिल्ला विपद व्यवस्थापन समिति बर्दिया Cold Wave Contingency Plan तयार गरि जिल्लाका महत्वपूर्ण दस्तावेजको रुपमा स्वामित्व ग्रहण गरेको छ ।

विपद्को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न बर्दिया जिल्लाको साधन स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ ।

## ६. समन्वय तथा जिम्मेवारी

- जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भएवमोजिमका क्षेत्रगत क्षेत्रका सवैले कार्ययोजना तयार पारी शितलहरको पुर्वतयारी तथा प्रतिकार्यमा तयार रहने ।
- सितलहर प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा विशेषगरी बालबालिका, जेष्ठनागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिला भएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धार गरी जीवन बचाउनु
- सितहरको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको सम्वन्धिमा स्थानिय विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेतलाइ जोखिम न्यूनिकारण गर्नको लागी अनुरोध गर्ने ।
- विपद्को समयमा संघिय सरकार,प्रदेश सरकार, स्थानीय तह,दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजविच समन्वय कायम गर्नु
- नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्नु र पृष्ठपोषण दिनु,
- शीतलहरबाट प्रभावित हुन सक्ने क्षेत्र,गाउँ,टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि अगुवा सहयोगी संस्था(DLSA) को समन्वयमा सवै सरोकारवालानिकायहरुलाई विशेष गरेर दाउरा, कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा रहन राख्ने र राख्न लगाउने ।
- जाडोयाममा हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम तत्काल संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राखे व्यवस्था मिलाउने ।
- शीतलहरबाट सुरक्षित रहनका लागि तपसिल बमोजिमका सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानिय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानिय गैरसरकारी निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

## ७. पूर्वतयारी प्राथमिकताः

- बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने
- जिल्ला भित्रका सबै स्थानिय तह का विपद व्यवस्थापन समितिहरुलाई जनचेतना मुलक कार्य गर्न लगाउने ।
- जिल्ला भित्रका सबै स्थानिय तहका विपद् व्यवस्थापन समितिहरुमा शीतलहर पूर्वतयारी कार्यशाला संचालन गर्न लगाउने
- विपद् पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने
- स्थानिय तहका संकटासन्न क्षेत्रको नक्साकन गर्ने ।
- विषयगत समितिहरुको नियमित बैठक गर्ने
- जिल्लामा थप ५००० न्यानो कपडा सेट व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहल गर्ने

- सवै स्थानिय तह तथा सोरोकारवाला निकाय संग समन्वय गरि आवस्यक पर्ने दाउरा पहिले नै जोहो गरी राख्ने ।
- स्थानिय एफ.एम हरुवाट जनचेतनामुलक सामाग्रीहरु प्रसारण गर्ने ।

## ८. न्युनतम तापक्रमको इतिहास

क) बर्दिया जिल्ला रानिजवरा मौसममापन केन्द्रका अनुसार हालसम्म न्यूनतम तापक्रम भएका वर्षहरु

| SN | Year | Digree |
|---|---|---|
| 1 | 1980 | $2.6^0$ C |
| 2 | 1980 | $3.9^0$ C |
| 3 | 2011 | $3.5^0$ C |
| 4 | 2011 | $9.2^0$ C |
| 6 | 2012 | $15.5^0$ C |
| 7 | 2012 | $11.6^0$ C |
| 8 | 1978 | $14.66^0$ C |
| 9 | 1979 | $16.6^0$ C |
| 10 | 2004 | $10.6^0$ C |
| 11 | 1978 | $6.8^0$ C |
| 12 | 1976 | $2.0^0$ C |

हालसम्मको मौसम मापनमा बर्दिया जिल्ला रानिजवरा मौसम मापन केन्द्रका अनुसार १९९६ डिसेम्वर महिनामा हाल सम्मकै न्युनतम तापक्रम मापन गरिएको छ ।

## ९. जन शक्ति परिचालन हुने क्षमता

| क.स. | निकाय | स्वय सेवक | स्वास्थ्यकर्मी | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | ४५० | ० | |
| २ | सशस्त्रप्रहरी वल नेपाल | ४०० | ० | |
| ३ | नेपाली सेना | ५५० | ० | |
| ४ | गुलरिया नगरपालिका | १०० | ६ | |
| ५ | मधुवन नगरपालिका | १०० | ६ | |
| ६ | राजापुर नगरपालिका | १०० | ६ | |
| ७ | ठाकुरवावा नगरपालिका | १०० | ६ | |
| ८ | बारबर्दिया नगरपालिका | १०० | ६ | |
| ९ | वासँगडी नगरपालिका | १०० | ६ | |
| १० | गेरुवा गाउँपालिका | १०० | ६ | |
| ११ | वढैयाताल गाउँपाीलिका | १०० | ६ | |
| १२ | नेपाल रेडक्रस सोसाइटी शाखा उपशाखा | १०० | ५ | |
| १३ | अन्य गैर सराकारी संघ सस्था | ५० | ० | |

## १०.जिल्लामा रहेको राहत सामाग्री विवरण

| क्र.स. | निकाय | कम्मल | न्यानो कपडा | त्रिपाल | आपत्कालिन कोष |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रसाशन कार्यालय | ० | ० | १५० | १० लाख |
| २ | गुलरिया नगरपालिका | ० | ० | १५० | १५ लाख |
| ३ | मधुवन नगरपालिका | ० | ० | १५० | १० लाख |
| ४ | राजापुर नगरपालिका | ० | ० | १५० | १० लाख |
| ५ | ठाकुरवावा नगरपालिका | ० | ० | १५० | १५ लाख |
| ६ | बारबर्दिया नगरपालिका | ० | ० | १५० | १५ लाख |
| ७ | वासँगडी नगरपालिका | ० | ० | १५० | १५ लाख |
| ८ | गेरुवा गाउँपालिका | ० | ० | १५० | १० लाख |
| ९ | वढैयाताल गाउँपलिका | ० | ० | १५० | ५ लाख |
| १० | नेपाल रेडक्रस सोसाइटी शाखा उपशाखा | २०० | ० | १०० | ६ लाख |
| ११ | युनिसेफ नेपाल | ५०० | ० | ० | |
| १२ | अन्य गैर सराकारी संघ सस्था | ० | ० | २०० | |

## ११.निकायगत भूमिका तथा जिम्मेवारी

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | - समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>- आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय) |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | - समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>- स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन तथा समन्वय गर्ने |
| ३ | स्थानिय तहहरु | प्रमुख/अध्यक्ष | - नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>- विषयगत क्षेत्रसग समन्वय गरि राहत कार्यमा सहयोग गर्ने<br>- आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक को लागि समन्वय)<br>- तथ्यांक संकलन तथा व्यवस्थापन<br>- स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन तथा समन्वय गर्ने |
| ३ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | - सुरक्षा व्यवस्था गर्ने<br>- विषयगत समितीमा रहि सहयोग गर्ने |
| ४ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | - समन्वय<br>- स्रोत संकलनमा सहयोग<br>- जनपरिचालन गर्ने |
| ५ | जिल्ला | फोकल पर्सन | - सूचना संकलन, समन्वय, संप्रेशन |

| | | | |
|---|---|---|---|
| | आपतकालिन कार्य संञ्चालन केन्द्र | | - तथ्यांक व्यवस्थापन |
| ६ | जिल्ला अगुवा सहयोगी निकाय( DLSA) | स्रोत केन्द्र प्रमुख | - राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्था तथा सरोकारवालासंग समन्वय र सहकार्य गर्ने ।<br>- स्रोतको खोजी गर्ने । |
| ७ | नेपाल रेडक्रस सोसाइटी | सभापति | - राहत खाद्यसामाग्री तथा अस्थाई आवास व्यवस्थापन<br>- आपत्कालीन आवास तथा बन्दोबस्ती ९ीयनष्कतष्अ० व्यवस्थापनमा सहयोग गर्ने |
| ८ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | - विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने<br>- सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने |
| ९ | उद्योग वाणिज्य सङ्घ | अध्यक्ष | - न्यानो कपडा तथा कम्मल सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| १० | यातायात व्यवसायी संघ तथा प्रा.लि.हरु | अध्यक्ष | - राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| ११ | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | - सहि सूचना संकलन तथा सम्प्रेषण<br>- सचेतनामुलक सुचना तथा समाचार सम्प्रेषण गर्ने |
| १२ | नागरिक समाज | संयोजक | - राहत कार्यमा सहयोग तथा समन्वय<br>- मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग |
| १३ | पेशागत व्यवसायी समतिहरु | अध्यक्ष | - राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १४ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | - मानवस्रोत परिचालन गर्ने<br>- स्रोत संकलनमा सहयोग गर्ने<br>- गै.स.स. वीच समन्वय<br>- क्षमता विकास तथा सहजिकरण कार्य गर्ने |

## १२. प्रतिकार्य विवरण :

| सि.नं. | क्रियाकलाप | कसले | कहाँ |
|---|---|---|---|
| १ | न्यानो कपडा संकलन | नगरपालिका तथा गाउँपालिकाहरु उद्योग वाणिज्य संघ मार्फत न्यानो कपडाव्यवस्थापन ,कम्मल लगायत अन्य न्याना कपडाहरुनेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखाहरु | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| २ | दाउरा संकलन | नगरपालिका, गाउँपालिकाहरु जिल्ला वन डिभिजन कार्यालय तथा सामुदायिक वन महासंघ | |
| ४ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय,स्थानीय विपद जोखिम व्यवस्थापन समिति सुरक्षाकर्मी ,नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा/उपशाखाहरु,र उद्योग वाणिज्य संघहरु, | प्रभावित क्षेत्रमा |

| | | | |
|---|---|---|---|
| ५ | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्थाहरु तथा समिति समिति हरु | जिल्ला भरी |
| ७ | स्वास्थ्य शिविर | जिल्ला अस्पताल, स्थानिय तह अन्तर्गतका स्वास्थ्य इकाइ हरु र अन्य सेवा प्रदायक संघ सस्था | प्रभावित क्षेत्रमा |
| ९ | विपद सम्बन्धी सुचना तथा जनचेतना | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, जल तथा मौषम फिल्ड कार्यालय | जिल्ला भर |
| १२ | सुचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र | जिल्ला भर |

## १३. विषयगत क्षेत्रका अगुवा तथा सदस्य  विवरण :

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| **१) समन्वय तथा सूचना व्यवस्थापन** | जिल्ला प्रशासन कार्यालय | ▪ जिल्ला समन्वय समिति<br>▪ नेपाली सेना<br>▪ सशस्त्रप्रहरी वल<br>▪ नेपालप्रहरी संघिय प्रहरी,प्रदेश प्रहरी,नगर प्रहरी )<br>▪ नेपाल रेडक्रस सोसाइटी | ▪ नेपाल टेलिकम<br>▪ स्थानीय एफ.एम., पत्रपत्रिका<br>▪ नेपालपत्रकार महासंघ<br>▪ राष्ट्रिय अनुसंधान<br>▪ DEOC<br>▪ कर्णाली वेसीन कार्यालय |
| **२) खोज तथाउद्धार** | जिल्ला प्रशासन कार्यालय, | ▪ नेपाली सेना<br>▪ सशस्त्रप्रहरी<br>▪ संघिय प्रहरी, प्रदेश प्रहरी र नगर प्रहरी<br>▪ नेपाल रेडक्रस सोसाइटी | ▪ राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय<br>▪ जिल्ला वन कार्यालय<br>▪ ईलाका प्रहरी कार्यालय<br>▪ बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा |
| **३) गैर खाद्य सामग्री र शिविर व्यवस्थापन** | ▪ शहरी विकास तथा भवन निमार्ण डिभिजन कार्यालय र नेपाल रेडक्रस, बर्दिया शाखा | ▪ सामुदायिक वन उपभोक्ता महासघ<br>▪ सुरक्षानिकाय<br>▪ प्लान नेपाल<br>▪ एक्सन एड नेपाल<br>▪ युनिसेफ<br>▪ सेभ द चिल्ड्रेन<br>▪ जिल्ला वन कार्यालय | ▪ DEOC<br>▪ स्थानीय विपद् व्यवस्थापन समिति (प्राविधिकशाखा,शिक्षा शाखा )<br>▪ उद्योग व्यापार सघ<br>▪ गैसस महासघ<br>▪ थारु महिला उत्थान केन्द्र<br>▪ कमैया महिला जागरण समाज नेपाल |
| **३) राहत (खाद्य, गैर खाद्य) गोदाम व्यवस्थापन** | ▪ स्थानीय विपद् व्यवस्थापन समिति<br>▪ स्थानीय तहका कृषि शाखाहरु | ▪ नेपाल प्रहरी<br>▪ जिल्ला समन्वय समिति<br>▪ उद्योग वाणिज्य संघ<br>▪ विश्व खाद्य कार्यक्रम नेपाल<br>▪ नेपाल रेडक्रस, बर्दिया शाखा | ▪ नेपाल खाद्य संस्थान, राजापुर<br>▪ कमैया महिला जागरण समाज नेपाल<br>▪ गैसस महासंघ<br>▪ थारु महिलाउत्थान केन्द्र<br>▪ जिल्ला कृषि विकास कार्यालय<br>▪ फेकोफन बर्दिया<br>▪ जिल्ला खाद्य अधिकार संजाल |

| | | | |
|---|---|---|---|
| | | ▪ एक्सनएड नेपाल | |
| **५) खानेपानी तथा सरसफाई** | ▪ खाने पानी तथा सरसफाई डिभिजन कार्यालय | ▪ स्थानीय विपद् व्यवस्थापन समिति (श्वास्थ्य शाखा ) <br>▪ नेपाल रेडक्रस सोसाइटी <br>▪ वेस नेपाल <br>▪ जनजागरणमहिला संघ | ▪ युनिसेफ <br>▪ प्लान <br>▪ कमैया महिला जागरण समाज नेपाल |
| **६) स्वास्थ्य तथा पोषण** | ▪ स्थानीय विपद् व्यवस्थापन समिति (स्वास्थ्य शाखा ) | ▪ नेपाल रेडक्रस सोसाइटी <br>▪ जिल्लाअस्पताल, जिल्लाआयुर्बेद अस्पताल <br>▪ जिल्ला पशु सेवा कार्यालय <br>▪ औषधिव्यवसायी संघ <br>▪ जनजागरण महिला संघ <br>▪ सामुदायिक स्वास्थ्य केन्द्रहरु | ▪ सरकारी स्वास्थ्य सेवा प्रदायक निकायहरु <br>▪ युनिसेफ <br>▪ सेभ द चिल्ड्रेन <br>▪ जि.स.स., <br>▪ थारु महिला उत्थान केन्द्र |
| **७) संरक्षण** | ▪ स्थानीय विपद् व्यवस्थापन समिति ( महिला तथा बालबालिका शाखा ) | ▪ जिल्ला वालकल्याण समिती <br>▪ नेपाल प्रहरी (संघिय प्रहरी, प्रदेश प्रहरी र नगर प्रहरी) <br>▪ एक्सन एड् नेपाल <br>▪ युनिसेफ | ▪ जि.स.स., <br>▪ प्लान <br>▪ राधा कृष्ण थारु जनसेवा केन्द्र <br>▪ कमैया महिला जागरण समाज नेपाल <br>▪ दलित महिला उत्थान संघ |
| **८) आपत्कालिन शिक्षा** | ▪ सम्वन्धित स्थानीय तहमा रहेका शिक्षा बिकास शाखाहरु <br>▪ जिल्ला समन्वय समिति | ▪ गै.स.स.महासंघ <br>▪ युनिसेफ <br>▪ सेभ द चिल्ड्रेन <br>▪ प्लान <br>▪ एक्सन एड् नेपाल <br>▪ रुम टु रिड | ▪ प्याब्सन, एन प्याब्सन <br>▪ आरकेजेएस <br>▪ बेस <br>▪ कमैया महिला जागरण समाज नेपाल <br>▪ दलित सेवा संघ |
| **९) पुनर्स्थापना तथा पुर्ननिर्माण** | ▪ जिल्ला समन्वय समिति <br>▪ शहरी विकास तथा भवन निमार्ण डिभिजन कार्यालय, <br>▪ नेपाल रेडक्रस, बर्दिया शाखा | ▪ जिल्लावन कार्यालय <br>▪ खानेपानी तथा सरसफाई <br>▪ बबई सिंचाई आयोजना <br>▪ जलउत्पन्नप्रकोप नियन्त्रण डि.कार्यालय <br>▪ नेपाल विद्युत प्राधिकरण <br>▪ सडकडिभिजन कार्यालय <br>▪ स्थानीय विपद् व्यवस्थापन समिति ( प्राविधिक शाखा ) | ▪ सा.वनउपभोक्ता समितिहरु <br>▪ नेपाल टेलिकम <br>▪ थारु महिलाउत्थानकेन्द्र <br>▪ जिल्लामा कार्यरत अन्तराष्ट्रिय गैससहरु <br>▪ कमैया महिला जागरण समाज नेपाल |

## १४. शीतलहरवाट जोखिम न्यूनिकरण गर्ने पूर्व तयारीहरु :

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ ।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नविताऔ ।
- रातको समयमा न्यानो सिरक, कम्मल जस्ता ओड्ने प्रयोग गर्ने र सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने ।
- शीत लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोवाट जोगाउने ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो खाने झोलिलो खाकुराहरु खाने ।
- बालबालीका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने ।
- शीत लहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने गोठ अथवा टहरामै राखेर प्रर्याप्त घाँस, पराल र दाना दिने ।
- चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने ।
- चिसोका कारण पुशुपंक्षी विरामी भएका नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने ।
- कोठा भित्र आगोवाली तातो पार्दा पयार्प्त भेण्टिलेशनको व्यवस्था मिलाउने ।
- यसका अत्तिरिक्त सम्वन्धित क्षेत्रगत अगवा निकायले प्रचार प्रसारका लागि उपयुक्त सामाग्रीहरु तयार गरी मातहतका निकायहरुलाई परिपत्र गर्ने ।
- शीतलहरको प्रभाव न्यून गर्न स्थानीय तह, स्थानीय विपद् व्यवस्थाप समितिहरुले जोखिममा रहेका विपन्न तथा गरीव परिवारहरुको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटीको समन्वयमा पर्याप्त मात्रामा इन्धन, दाउरा तथा कम्बलहरु वितरणको लागि व्यवस्था मिलाउने ।